बैठक संख्याः १०७ औं

मिति २०८२/०८/२८ गते आइतबार बिहान १०:१५ बजे यस शंखरापुर नगर कार्यपालिकाको कार्यालयको बैठक हलमा नगर प्रमुख श्री रमेश नापितज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थितिः

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री रमेश नापित | अध्यक्ष/नगर प्रमुख | ९८४१४६०३८० | |
| २. | श्री समिता श्रेष्ठ | उपाध्यक्ष/उप प्रमुख | ९८४१०९११८० | |
| ३. | श्री बेद नारायण दंगाल | सदस्य/वडा अध्यक्ष, १ नं वडा कार्यालय | ९८४३५२५३३२ | |
| ४. | श्री रन बहादुर थिङ | सदस्य/वडा अध्यक्ष, २ नं वडा कार्यालय | ९८५१०८०४६३ | |
| ५. | श्री सुर्य बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ३ नं वडा कार्यालय | ९८५१२७५८७९ | |
| ६. | श्री दिपक गौतम | सदस्य/का.बा.वडा अध्यक्ष, ४ नं वडा कार्यालय | ९८६३९२३१७९ | |
| ७. | श्री शेर गम्भिर थापा | सदस्य/वडा अध्यक्ष, ५ नं वडा कार्यालय | ९८५१०११६४५ | |
| ८. | श्री राधाकृष्ण श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ६ नं वडा कार्यालय | ९८४१७८६३४५ | |
| ९. | श्री बिष्णु प्रसाद श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ७ नं वडा कार्यालय | ९८४१७३५७२४ | |
| १०. | श्री पोते थिङ | सदस्य/वडा अध्यक्ष, ८ नं वडा कार्यालय | ९८५११५४३०६ | |
| ११. | श्री सहदेव श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ९ नं वडा कार्यालय | ९८५१०७४७५० | |
| १२. | श्री मनिषा परियार | कार्यपालिका महिला सदस्य | ९८४८९०९४५४ | |
| १३. | श्री तिउरीमाया वाइबा | कार्यपालिका महिला सदस्य | ९८६०९४७६९६ | |
| १४. | श्री राज्यलक्ष्मी नेमकुल (जोशी) | कार्यपालिका महिला सदस्य | ९८४३१०६०८० | |
| १५. | श्री चन्दा श्रेष्ठ | कार्यपालिका महिला सदस्य | ९८४९५०६६८४ | |
| १६. | श्री उमादेवी कार्की | कार्यपालिका महिला सदस्य | ९८४०१३२५४७ | |
| १७. | श्री रमेश नेपाली | कार्यपालिका दलित सदस्य | ९८६०९९३२३४ | |
| १८. | श्री आनन्द रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४१५३५०४९ | |
| १९. | श्री संजय रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४९०४५५०५ | |
| २०. | श्री चुरामणि पन्थी | सचिव/प्रमुख प्रशासकीय अधिकृत | ९८५१२६४१११ | |

## शंखरापुर नगर कार्यपालिकाको १०७ औं (मिति २०८२/०८/२८) बैठकका निर्णयहरु

| | |
|---|---|
| निर्णय नं १: | यस नगरपालिकाको मिति २०८२/०७/२८ गते बसेको कार्यपालिकाको १०६ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो। |
| निर्णय नं २: | यस नगरपालिकाको अनुगमन तथा सहजिकरण समितिको अनुसूची २ बमोजिम आ. व. २०८२/८३ को कार्तिक महिनाको प्रतिवेदन अनुसार प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने र सिफारिस भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो । |
| निर्णय नं ३: | यस नगरपालिकाका तपिसिल बमोजिमका सङ्घीय तथा प्रादेशिक समपुरक तथा सशर्त कार्यक्रम/योजनाहरु कार्यान्वयनको लागि तयार भएको लागत अनुमान बमोजिम नपुग हुने रकम नगर समपुरक कोषबाट खर्च गर्ने गरी स्रोत सुनिश्चितता सहित ठेक्का प्रक्रिया अगाडि बढाउन नगर प्रमुखबाट गरिएको निर्णय अनुमोदन गरियो। |

तपसिल:

| क्र.सं. | यो.क्र.सं. | ठे.नं. | योजनाको नाम | नगर/संघ/प्रदेशबाट विनियोजित बजेट | नगर समपुरक कोषबाट थप श्रोत सुनिश्चित गर्ने रकम |
|---|---|---|---|---|---|
| १ | प्रदेश बिशेष +समपुरक | ८२-८३/५९ | शंखरापुर-३ खानेपानी | ३०००००० | ५०४००० |
| २ | प्रदेश बिशेष +समपुरक | ८२-८३/६५ | शंखरापुर-४ खानेपानी | ४०००००० | १२००००० |
| ३ | संघीय सशर्त २ वटा+समपुरक | ८२-८३/६६ | स्वर्णिमपुर सामुदायिक सिकाई केन्द्र | ८०००००० | ३१२०००० |
| ४ | संघीय सशर्त +समपुरक | ८२-८३/६८ | श्रृजनशिल एकीकृत वस्ती सडक | २५००००० | ३५९००० |

| | |
|---|---|
| निर्णय नं ४: | प्रदेश सशर्त कार्यक्रममा स्थानीय तहको ३०% लागत साझेदारीमा सूचना प्रविधिमा आधारित कृषि उपज बजार केन्द्र स्थापना/सुदृढीकरण एवं सञ्चालन शिर्षकमा विनियोजित रकम रु १ करोड मा यस नगरपालिकाबाट ३० लाख लागत साझेदारी समेत थप गरी जम्मा रु १,३०,००,०००/-(१ करोड ३० लाख) बाट हाल शंखरापुर नगरपालिका वडा नं. ५ ईटाखेल क्षेत्रको नापी नक्सा अनुसार साविक सुन्टोल गा.वि.स वडा नं. ८ (घ) कि.नं. ८७ क्षेत्रफल ४-३-२-३ मा निर्माण गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ५: | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त सरकारी सवारी साधनको प्रयोग सम्बन्धी तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराइयो। साथै यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |

**निर्णय नं ६:** यस नगरपालिकाबाट चालु आ.व २०८२/८३ मा वडा नं. ३ स्थित साम्तेन छोलिङ गुम्बा अधुरो भवन शीर्षकमा रु १६ लाख विनियोजन भएकोमा उक्त गुम्बा धार्मिक तथा साँस्कृतिक महत्वको रहेकोले उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं ७:** आगामी नगर सभाबाट अनुमोदन हुने गरी शालिनदी मन्दिर क्षेत्र देखि मनमत्ता दोभानसम्म शालिनदी खोला भएकोले उक्त खोलाको बहाव क्षेत्र २० मिटर साथै Right of River(ROR) १० मिटर कायम गर्ने निर्णय गरियो।

**निर्णय नं ८:** वडा नं. ९ निवासी प्रतिमा थापाको मस्तिष्क टिउमर (Brain Tumor) भएको र निजको परिवारको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहायताका उपलब्ध गराउनका लागि वडा नं. ९ को कार्यालयको च.नं. ७८३ मिति २०८२/०८/२३ गतेको पत्रबाट सिफारिस भई आएको हुँदा निजलाई आर्थिक सहायता स्वरुप रु ३० हजार सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं ९:** बागमती प्रदेश सहरी विकास तथा भवन कार्यालय काठमाडौंबाट कार्यान्वयन हुने गरी जगते सामुदायिक भवन निर्माण शंखरापुर-१ शीर्षकमा चालु आ.व. २०८२/८३ मा रु २५ लाख विनियोजन भएकोमा शंखरापुर नगरपालिका वडा नं. ५ स्थित जगते सामुदायिक भवन साविक लप्सेफेदी गा.वि.स वडा नं. ७ (घ) मा निर्माणाधिन रहेकोले उक्त योजना सोही सामुदायिक भवनको निर्माण सम्पन्न हुने गरी उक्त योजना कार्यान्वयन गर्ने गरी सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं १०:** यस नगरपालिकाको नगर शिक्षा योजना निर्माण गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं ११:** यस नगरपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित नगरपालिका घोषणा २०८३ चैत्र मसान्त सम्म गर्ने गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं १२:** नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमको च.नं. ५९ मिति २०८२/०६/०५ को पत्रबाट प्राप्त भएको स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ को दफा ६ को उपदफा (१) मा कानूनी व्यवस्था बमोजिम अधिकृतस्तर सातौं तह कायम गर्नको लागि शंखरापुर नगरपालिकामा सूचना प्रविधि अधिकृत (अधिकृतस्तर छैठौं तह) पदमा कार्यरत श्री सुजन थापाले तह कायम गरी पाउँ भनि निवेदन पेश गर्नु भएको हुँदा निजलाई कार्यविधिमा भएको कानूनी व्यवस्था बमोजिम सूचना प्रविधि अधिकृत (अधिकृतस्तर सातौं तह) पदमा २०८२/०९/०१ गते बाट लागु हुने गरी तह मिलान गरी कार्य जिम्मेवारी तोक्ने निर्णय गरियो।

**निर्णय नं १३:** यस शंखरापुर नगरपालिकाको फोहोरमैला व्यवस्थापन तथा वातावरण सुशासन कायम गरी Circular Economy को क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न अन्य सहयोगी संस्था तथा छिमेकी नगरपालिकाहरु तथा अन्य सङ्घ संस्थासँगको समन्वयमा कार्यक्रमहरु सञ्चालन गर्न तपसिल बमोजिमको फोहोर व्यवस्थापन तथा चक्रीय अर्थ व्यवस्था समन्वय समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः-

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १. | सुना बहादुर तामाङ | संयोजक |
| २. | मनिषा परियार | सदस्य |
| ३. | सुभद्रा पुडासैनी | सदस्य |
| ४. | प्रकाश सिंह साउद | सदस्य |
| ५. | दिपक गौतम | सदस्य |
| ६. | सीता देवी गुरागाई | सदस्य |

| | | | |
|---|---|---|---|
| | ७. | लोकमाया खड्का | सदस्य |
| | ८. | थमु नारायण भण्डारी | सदस्य सचिव |

**निर्णय नं १४:** यस नगरपालिकाको कार्यपालिकाको विषयगत समिति अन्तर्गत वन तथा वातावरण समितिको मिति २०८२/०७/२३ बसेको बैठकले ब्लु वेस्ट टु भ्यालु प्रा.लि.ले फोहोरमैला व्यवस्थापन कार्य प्रभावकारी र सन्तुष्टदायी रहेको भनी सो कम्पनीलाई उक्त कार्य गर्न निरन्तरता दिन उपयुक्त देखिएको भनी सिफारिस गरेको हुँदा उक्त कम्पनीसँग फोहोरमैला व्यवस्थापन सम्बन्धी सम्झौता मिति २०८३ असार मसान्त सम्म को लागि गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं १५:** यस शंखरापुर नगरपालिकामा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षणबाट निर्धारित क्षेत्र, परिमाण र अङ्कमा नदिजन्य तथा खानीजन्य पदार्थको विक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन गर्ने आर्थिक वर्ष २०८२/०८३ का लागि विभिन्न मितिमा ४ पटक बोलपत्र आव्हान गरिएकोमा निर्धारित अवधिभित्र कुनै पनि बोलपत्र पेश नभएकोले उक्त दहत्तर बहत्तर शुल्क दस्तुर संकलन कार्य अमानत प्रक्रियाबाट अगाडि बढाउने नगरप्रमुखस्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं १६:** भाग्योदय माध्यमिक विद्यालय,साँखु, काठमाडौंलाई विविध कार्यक्रम खर्च शिषकबाट रु २,५०,०००/- (अक्षररुपी रु दुई लाख पचास हजार मात्र) अनुदान दिने निर्णय गरियो।

**निर्णय नं १७:** यस नगरपालिकाको शालिनदी क्षेत्र भित्र सञ्चालन हुने श्री माधवनारायण स्वस्थानी व्रतको अवसरमा लाग्ने मेलाको अवधिमा आ.व.२०८२/०८३ का लागि तपसिल बमोजिमको पार्किङ्ग शुल्क असुली गर्न आय ठेक्काहरु यस नगरपालिकाको आर्थिक ऐन,२०८२ को दफा ११ अनुसूचि ८ बमोजिम निर्धारित दररेटको आधारमा शालिनदी मेलामा आउने सवारी साधनहरुको पार्किङ्ग शुल्क असुल गर्न पन्ध्र दिनको सिलबन्दी दरभाउपत्र आह्वानको नगरप्रमुखस्तरीय निर्णयलाई अनुमोदन गरियो।

तपसिल:

- वडा नं ७ स्थित विजा पुखः पार्किङ्ग शुल्क असुली –क्षेत्रफल ३३६ व.मि- न्यूनतम ठेक्का रकम मू.अ.क बाहेक रु २,४२,०००/-( अघिल्लो आ.व.को रकममा १० प्रतिशत वृद्धि गर्ने)।
- वडा नं ६ स्थित सीतातीर्थ घाटको उत्तर तर्फको नगरपालिकाले तोकेको स्थानमा पार्किङ्ग शुल्क असुली- क्षेत्रफल ५५० व.मि.- न्यूनतम ठेक्का रकम मू.अ.क. बाहेक रु १,६५,०००/-( अघिल्लो आ.व.को रकममा १० प्रतिशत वृद्धि गर्ने)।
- वडा नं ६ स्थित दुगाहिटि सडक छेउ नगरपालिकाले तोकेको स्थानमा पार्किङ्ग शुल्क असुली- क्षेत्रफल ४२ व.मि.- न्यूनतम ठेक्का रकम मू.अ.क.बाहेक २२,०००/-( अघिल्लो आ.व.को रकममा १० प्रतिशत वृद्धि गर्ने)।

**निर्णय नं १८:** श्री माधवनारायण स्वस्थानी व्रतको अवसरमा लाग्ने मेलाको अवधिमा आ.व.२०८२/८३ का लागि यस नगरपालिकाको वडा नं ५ स्थित मचागल क्षेत्रमा व्यवसाय सञ्चालन बापत बहाल विटौरी शुल्क असुली - क्षेत्रफल २१० व.मि. – अघिल्लो आ.व.को रकममा १० प्रतिशत वृद्धि गरी न्यूनतम ठेक्का रकम मू.अ.क. बाहेक रु १,६५,०००/-( अक्षररुपी रु एक लाख पैसट्ठी हजार मात्र ) कायम गरी बहाल विटौरी शुल्क असुल गर्न पन्ध्र दिनको सिलबन्दी दरभाउपत्र आह्वानको नगरप्रमुखस्तरीय निर्णयलाई अनुमोदन गरियो।

| | |
|---|---|
| निर्णय नं २०: | श्री माधवनारायण स्वस्थानी व्रतको अवसरमा लाग्ने मेलाको अवधिमा सञ्चालन हुने विभिन्न किसिमका पटके व्यवसायीहरुद्वारा उत्सर्जन हुने फोहोरमैलाको व्यवस्थापन बापतको शुल्क साना व्यवसायीको रु ५००/-(अक्षररुपी रु पाँच सय मात्र), मध्यस्तरका व्यवसायीहरुको रु १०००/-(अक्षररुपी रु हजार मात्र), र ठुला व्यवसायीहरुको लागि रु १५००/-(अक्षररुपी रु एक हजार पाँच सय मात्र), कायम गरी असुल उपर गर्ने र सो शुल्क बाह्रौं नगर सभाबाट अनुमोदनको लागि सिफारिस गर्ने निर्णय गरियो। |
| निर्णय नं २१: | यस शंखरापुर नगरपालीका र मणिचुड निर्माण सेवाबीच मिति २०८२/०८/२५ का दिन **Sukekhola Adhuro Bato (SMO/82-83/ 30)** सडकको स्तरोउन्नति गर्नको लागि सम्झौता भई कार्यान्वयमा रहिकोमा उक्त कार्य समपन्न गर्नको लागि रु.११,४९,९६३.३३/-(रु एघार लाख उन्नचास हजार नौ सय त्रिसठ्ठी र पैसा तेत्तिस) भ्याट र पि.एस. सहित मा मिति २०८२/०९/०८ मा स्थानीयबासीहरुको भेलाबाट सडकको पुरै क्षेत्रमा ड्रेन बनाउन निर्णय भई ७ नं वडा कार्यालयको प.सं. ०८२/८३ च.नं. ६५९ मिति २०८२/०८/२१ को पत्रबाट समेत उक्त ड्रेन पूरा गर्न सिफारीस भई आएको छ। उक्त सडकमा ड्रेन निर्माणको लागि लागत अनुमान तयार भएकोमा माग बमोजिम ५२ मिटर थप गर्दा लागत रु.२,०७,९७०.४९/- बढ्ने हुँदा उक्त थप हुने रकम सहित नयाँ सम्झौता रकम रु.१३,५७,९३३.८२/-(रु तेह्र लाख सन्ताउन्न नौ सय तेत्तिस र पैसा बयासी भ्याट र पि.एस. सहित) कायम हुने देखिन्छ। थप हुने रकम सुकेखोला अधुरो बाटो शीर्षकमा विनियोजित बजेट भित्रबाटै खर्च हुने गरी १८.०८% भेरिएसन आदेश स्वीकृत गर्ने निर्णय गरियो। |
| निर्णय नं २२: | यस नगरपालिकाको ६ नं वडा कार्यालयको च.नं. ८०१ मिति २०८२/०८/०७ गतेको सिफारिस पत्रानुसार वडा नं ६ स्थित मणिचुड क्लब सत्तल शिर्षकमा आ.व. २०८२/०८३ मा नगरस्तरीय योजना अन्तर्गत रु. ५,००,०००/-(पाँच लाख) विनियोजित भएकोमा लागत अनुमान बमोजिम रकम अपुग भएको हुँदा थप रु. ५,००,०००/-(पाँच लाख) नगर भैपरी कोषबाट खर्च गर्ने गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |

अनुसूची १

शंखरापुर नगर कार्यपालिकाको १०६ औं (मिति २०८२/०७/२८) बैठकका निर्णयहरुको समीक्षा

| निर्णय नं | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| निर्णय नं २: | स्रोत सुनिश्चितता सहित ठेक्का प्रक्रिया अगाडि बढाउने। | सम्पन्न |
| निर्णय नं ३: | नगरस्तरीय भिमसेन मन्दिर पुनःनिर्माण पुखुलाछी उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने । | कार्यान्वयनको चरणमा |
| निर्णय नं ४: | आ.व. २०८२/८३ को पहिलो त्रैमासिक समीक्षा कार्यक्रम। | सम्पन्न |
| निर्णय नं ५: | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराई कार्यान्वयन गर्ने। | सम्पन्न |
| निर्णय नं ६: | शंखरापुर नगरपालिका वडा नं. ३ निवासी वर्ष ४ को एलेक्स लामाको ब्लड क्यान्सरको उपचारका लागि रु ४०,०००/- आर्थिक सहयोग गर्ने । | सम्पन्न |
| निर्णय नं ७: | शंखरापुर नगरपालिका वडा नं. ८ कार्यालय र श्री उग्रतारा माध्यमिक विद्यालय को सिफारिस बमोजिम वडा नं. ८ निवासी आइस ब्लानलाई रु ३०,०००/- आर्थिक सहयोग गर्ने। | सम्पन्न |
| निर्णय नं ८: | शंखरापुर नगरपालिका वडा नं. ८ को निवासी सुङनिमा थिङलाई Hirschsprung रोग लागेको र निजको आर्थिक अवस्था कमजोर रहेको निजको उपचारका लागि रु ४०,०००/ आर्थिक सहयोग गर्ने। | सम्पन्न |
| निर्णय नं ९: | वडा नं. ८ स्थित मंगलादेवी पार्कमा निर्माण गरिने मूर्तीहरुको प्रति फिट (उचाई) को दररेट रु १,३८,५००/- स्वीकृत गर्ने। | सम्पन्न |
| निर्णय नं १०: | यस नगरपालिकाको दहत्तर बहत्तर संकलन तथा बिक्रिका लागि अमानतबाट बागमती प्रदेशको आ.व. २०८२/८३ को लागि स्वीकृत गरेको आर्थिक ऐन २०८२ बमोजिम शुल्क/दस्तुर संकलन गर्ने । | सम्पन्न |
| निर्णय नं ११: | वडा नं. ८ स्थित बुद्ध(शान्ति) पार्कमा बुद्ध मूर्ती स्थापनाका लागि बहु वर्षिय ठेक्काको सूचना प्रकाशन गर्ने । | सम्पन्न |
| निर्णय नं १२: | वडा नं. ४ को वडा कार्यालय भवन निर्माणका बहु वर्षिय ठेक्काको सूचना प्रकाशन गर्ने । | सम्पन्न |

# शंखरापुर नगरपालिका

## साँखु, काठमाण्डौ

## योजना अनुगमन तथा सुपरिवेक्षण समिति

## आ.ब. २०८२।८३ कार्तिक महिनाको प्रतिवेदन

१. पृष्ठभूमी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ ख, (५) तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.१० (घ) बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी यो प्रतिबेदन तयार गरिएको छ ।

२. उद्देश्य

यस प्रतिबेदनको उद्देश्य नगरपालिकाबाट आर्थिक वर्ष २०८२।८३ को कार्तिक महिनामा भए गरेका विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देखिएको अवस्था र अनुगमन समितिबाट दिएका सुझाव र आगामी दिनमा गर्नु पर्ने विषयको जानकारी कार्यपालिकामा पेश गर्ने रहेको छ ।

३. अनुगमनमा सहभागी

योजना तथा कार्यक्रमहरुको अनुमगमनको क्रममा देहाय बमोजिमको सहभागिता रहेको थियो ।

क. नगर प्रमुख

ख. उप प्रमुख

ग. प्रमुख प्रशासकीय अधिकृत

घ. सम्बन्धित वडाका वडा अध्यक्ष वा सदस्य वा वडा सचिव

ङ. योजना अधिकृत

च. लेखा अधिकृत

छ. सम्बन्धित वडा हेर्ने ईन्जिनियर तथा सव ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियर कर्मचारीहरु

ज. सम्बन्धित शाखा प्रमुख/कर्मचारीहरु

४. अनुगमन समितिबाट भए गरेका गतिविधिहरु

क. योजना/कार्यक्रमहरुको सञ्चालन तथा अनुगमनको क्रममा देखिएका विषयहरु

- योजना कार्यान्वयन कार्यतालिका अनुसार ठेक्का तथा उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको सुचना प्रकाशन तथा सम्झौता गर्ने क्रम शुरु भएको छ ।

- उपभोक्ता समिति तथा ठेक्कामार्फत कार्यान्वयन हुने योजनाहरुको नियमित सुपरिवेक्षण वडा कार्यालयमा कार्यरत प्राविधिक तथा सम्बन्धित ईन्जिनियरहरुबाट हुन आवश्यक देखिन्छ।

ख. योजना अनुगमनका क्रममा देखिएका विषयमा गरिएका सुधारका प्रयासहरु

- Quality र Quantity दुबै कायम गर्नका लागि अनुगमनले सकारात्मक प्रभाव पारेको ।
- आयोजनास्थलमा अनिवार्य रुपमा आयोजना सूचना पाटी राख्न निर्देशन दिईएको ।
- ठेक्का मार्फत काम हुने योजनाहरुको सन्दर्भमा सम्झौता अवधि भित्र काम सम्पन्न गर्ने गरी प्रकृया अगाडि बढाउन स्पष्ट निर्देशन दिईएको ।

ग. अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी दिनमा गर्नु पर्ने पक्षहरु

- चालु आर्थिक वर्ष २०८२।८३ मा सञ्चालन हुने योजना/कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि नगर कार्यपालिका बैठकबाट स्वीकृत कार्यतालिकाको पूर्ण कार्यान्वयन गरी उपभोक्ता समितिबाट सन्चालन हुने योजनाहरु २०८२ पुष महिनाभित्र सम्झौता गरी २०८३ वैशाख मसान्त भित्र सम्पन्न हुने गरी काम हुनु पर्ने । यसले गर्दा वर्षाद् हुनु अघिनै काम सम्पन्न गर्न सकिने र योजनाको दिगोपना कायम गर्न सहज हुने ।
- विभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माणको लागि उपभोक्ता समिति गठन हुने तर सन्चालन तथा व्यवस्थापनको लागि समिति सकृय नहुँदा निर्मित संरचनाको संरक्षण, मर्मत संभार तथा सदुपयोगमा ध्यान कम गएको देखिएकोले आगामी दिनहरुमा योजना सम्झौताको समयमानै उपभोक्ता समितिलाई प्रतिबद्दता गराउने, साथै सामुदायिक भवन निर्माण गर्ने जग्गा प्राप्तीको प्रकृया पुरा गरेर मात्र सम्झौता गर्न उपयुक्त हुने ।
- वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति सकृय हुनु पर्ने ।
- भिरालो सडकहरुमा ग्राभेल गर्ने कामलाई निरुत्साहित गरी बजेटको अवस्था अनुसार ढुंगा सोलिङ वा ढलान गर्न अनिवार्य गर्नु पर्ने ।
- सडक किनारा तथा भिरालो जमिनमा योजना कार्यान्वयनको लागि लागत अनुमान वा कार्यक्रम बनाउँदानै माटो संरक्षणका जैविक उपायहरु (निगालो, अम्रिसो लगाउने आदी) अनिवार्य अपनाउनु पर्ने ।
- आयोजना सुचना पाटी राख्न अधिकांश उपभोक्ता समितिहरु अझै पनि उदासिन देखिएकोले काम शुरु गर्नु भन्दा अगाडिनै आयोजनास्थलमा सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गरी पारदर्शिता कायम गर्न प्राविधिक तथा वडा कार्यालयहरुले सकृयता देखाउनु पर्ने ।

अनुगमन गरिएका र भुक्तानी अनुमोदन गर्नु पर्ने योजनाहरुको विवरण

| क्र.सं. | वडा | योजना | रकम (रु हजारमा) |
|---|---|---|---|
| १ | ९ | बेनडोल परियारटोल मगरगाउँ सडक | १००० |
| २ | ३ | जहरसिंहपौवा ब्याडमेन्टन कभर्डहल | १५५ |
| ३ | ७ | मखत्वा उत्तर दक्षिण बाटो | १००० |
| ४ | ८ | नयाँगाउ बस्ती सडक | १००० |
| ५ | ७ | शिव के सीको घर जाने बाटोको खोलामा पूल | ५०० |
| ६ | ५ | हरिहर मन्दिरमा शौचालय निर्माण | २५० |
| | | जम्मा | ३९०५ |

| प्रतिवेदन तयार कर्ता | प्रतिवेदन पेश कर्ता |
|---|---|
| नामः चुरामणि पन्थी | नामः समिता श्रेष्ठ |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः उप प्रमुख |
| हस्ताक्षर | हस्ताक्षर |
| मितिः २०८२।७।३० | मितिः २०८२।७।३० |